घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ३८ औं वैठक**

मिति २०७६/०५/२४

**<u>निर्णयहरु</u>**

१. नेपाली सेना उच्च शिखर शिक्षालय, कैसाङ क्याम्प जाने मोटरबाटोको ठिनी खोला खण्डमा आएको बाढीले मोटरबाटो बगाएको हुँदा डोजार लगाई बाटो मर्मत गर्ने र प्राविधिकको लगत ईस्टिमेट बमोजिम विपद् व्यवस्थापन सम्बन्धी बजेट शिर्षकबाट भुक्तानी दिने ।

२. ३ नं. वडा स्याङ पुल्चोकमा कालीगण्डकी नदीमा बाढी आई क्षति पुऱ्याएको ठाउँहरुमा ग्याबिन भर्नका लागि प्राविधिकको लगत इस्टिमेट अनुसार रकम उपलब्ध गराउने ।

३. चालु आ.ब. को स्वीकृत ताङबे समाज घर पर्खाल निर्माण योजनाको उपभोक्ता समितिको अनुरोध अनुसार योजनाको नाम ताङबे समाज घर पर्खाल मर्मत संरक्षण हुने गरी संसोधन गरियो ।

४. यस गाउँपालिका अन्तर्गत १ नं. वडा र ३ नं. वडामा संचालनमा रहेको सामुदायिक स्वास्थ्य इकाईलाई अनुमोदन गरियो ।

५. कार्यालयको प्राविधिक सर्भे डिजाइनको लागि आवश्यक पर्ने Total Station उपकरण यसै आ.ब.मा खरिद गर्ने ।

६. चालु आ.ब. २०७६/७७ को महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक सम्बन्धी संलग्न कार्यक्रमलाई पेश भए बमोजिम स्वीकृत गरियो ।

७. थाक खेलकुदको अवसरमा सञ्चालन हुन गईरहेको कृषि प्रदर्शनीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न निम्न बमोजिम समिति गठन गर्ने र उक्त समितिलाई प्रदर्शनी सम्बन्धी सम्पूर्ण कामको व्यवस्थापनको जिम्मा दिने ।

**<u>निम्न :-</u>**

संयोजक : ४ नं. वडा अध्यक्ष श्री यामप्रसाद थकाली
सदस्य : ४ नं. वडा सदस्य श्री फूलकूमारी विश्वकर्मा
सदस्य : स्याउ जोन समिति सदस्य/५ नं. वडा द.म.सदस्य श्री सरिता वि.क.
सदस्य : श्री केदार सिंह थापा, अधिकृत गा.का.पा. को कार्यालय
सदस्य सचिव : श्री आइत बहादुर थकाली, अधिकृत (सातौ) गा.का.पा.को कार्यालय

८. मिति २०७६।०६।०४ देखि ऐ. ०७ गते सम्म जोमसोममा हुन गई रहेको थाक खेलकुद तथा साँस्कृतिक कार्यक्रमको ४९ औं संस्करण कार्यक्रमको लागि मिति २०७६।०५।०८ मा बसेको कार्यपालिकाको निर्णयबाट रु १ लाख विनियोजन भएकोमा उक्त रकम अपुग हुने देखिएकोले रु. १ लाख थप गरी कुल रु. २ लाख आर्थिक सहयोग गर्ने ।

९. गाउँ कार्यपालिकाबाट सञ्चालन भएका योजनाहरुको अनुगमन गर्न गठन भएको अनुगमन समितिको सदस्य सचिवको जिम्मेवारी हेरफेर गरी यस कार्यालयका ईन्जिनियर सकलदेव शर्मालाई दिने ।

१०. वडाहरुमा गठन भएका योजना निर्माण उपभोक्ता समितिका सदस्यहरुलाई निम्न बमोजिमको मितिमा अनुशिक्षण दिने ।

**निम्न :**

| सि.नं. | मिति | स्थान |
|---|---|---|
| १ | २०७६।०५।२५ गते | २ नं. वडा कार्यालय भवन, मार्फा |
| २ | २०७६।०५।२६ गते | जोमसोम सादायिक भवन |
| ३ | २०७६।०५।२७ गते | स्याङ नाचहल |
| ४ | २०७६।०५।२८ गते | छैरो वडा कार्यालय भवन |
| ५ | २०७६।०५।२९ गते | ठिनी कोतघर |

११. चालु आ.ब. २०७६।७७ को लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न गठन भएका उपभोक्ता समितिहरुले यहि २०७६ साल असोज १५ गते भित्र योजना सम्झौता गरिसक्नु पर्ने, तोकिएको समय भित्र सम्झौता हुन नसकेमा कार्यालयले अन्य विधिबाट योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

१२. क्रमागत तपसिलका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन म्याद २०७६ साल असोज १५ गते सम्म थप गर्ने ।

**तपसिल :**

क) स्याङ आमा समुह भवनमा तला थप

ख) झोनाघङ पार्क निर्माण, ३ नं. वडा

ग) मिलिजुली सूचना केन्द्र, मार्फा

घ) दिवा सेवा केन्द्र तथा भ्यूटावर निर्माण, चिमाङ

ङ) इको म्यूजियम पुनः निर्माण, पुथाङ

१३. गाउँ कार्यपालिको कार्यालय, वडा कार्यालयहरुमा र स्वास्थ्य संस्थाहरुमा यस कार्यालयबाट करारमा नियुक्ति पाएका कर्मचारीहरुको करार म्याद कार्यालयलाई आवश्यक भएकोले यहि

२०७६ साल पौष मसान्त सम्म नियमानुसार थपिएकोमा सो म्याद थप सम्बन्धी कार्यालयले गरेको निर्णय अनुमोदन गरियो ।

१४. कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा निम्न बमोजिम समिति गठन गर्ने र उक्त समितिले कार्यविधि तयार गरी अगामी बैठकमा पेश गर्ने ।

**संयोजक** : गा.पा. अध्यक्ष श्री आश बहादुर थकाली
**सदस्य** : गा.पा. उपाध्यक्ष श्री सर्मिला गुरुङ
**सदस्य** : प्र.प्र. अ. श्री नेत्रप्रसाद पौडेल
**सदस्य सचिव** : ले.अ. श्री मित्रबन्धु पौडेल

१५. शिक्षा क्षेत्रको चा.लु. आ.ब. को विद्यालय भौतिक पूर्वाधार कार्यक्रम अन्तर्गत कार्यक्रम तथा विनियोजन भएको बजेट बारे जानकारी भयो र २ वटा Block निर्माण गर्ने र १ वटा wash सुविधा भएको शौचालय निर्माण गर्ने योजना सम्बन्धमा अगामी बैठकबाट निर्णय गर्ने ।

१६. घरपभ्कोङ गाउँपालिका ४ नं. वडाको कित्ता नं. १५९ को सरकारी जग्गामा यस कार्यालयको प्रशाकीय भवन तथा चालु आ.ब. को स्वीकृत कार्यक्रम अनुसार बहुउद्देश्य भवन निर्माण गर्ने र कार्यालय भवनलाई स्थानीय कला संस्कृति भ्कल्किने किसिमको Architectural डिजाईन सहितको विस्तृत परियोजना (DPR) तयार गर्नको लागि भवन निर्माणको लागि विनियोजन भएको रकम मध्येबाट रु. ५ लाख व्यवस्था गर्ने ।

१७. यस गा.पा. वडा नं. ३ एयरपोर्टमा अवस्थित इको म्यूजियमको सम्पूर्ण व्यवस्थापन गा.पा. को कार्यालयबाट गर्ने सम्बन्धमा सरोकारवाला पक्ष तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनालाई समेत जानकारी गराउने ।